
# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

## आ.व. २०८१।०८२ को

# वार्षिक प्रगती प्रतिवेदन

## कपिलवस्तु जिल्लाका स्थानीय तहहरु




| पेश गर्ने: | प्राप्त गर्ने: |
| --- | --- |
| सुभाष रेग्मी, जिल्ला कार्यक्रम संयोजक<br>सामी कार्यक्रम, कपिलवस्तु | कपिलवस्तु नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>कपिलवस्तु |

# रोजगार प्रवर्द्धन कार्यक्रम
# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम
# आ.ब. २०८१।०८२ प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी तथा सन्दर्भ

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारको वीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा संचालित कार्यक्रम हो । संघिय सरकार सशर्त अनुदानमा कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका, शिवराज नगरपालिका र मायादेवी गाउपालिकाको नेतृत्वमा कार्यान्वयन भई रहेको छ भने वुद्धभूमी नगरपालिकाले आफ्नै वजेट विनियोजन गरी सञ्चालनमा ल्याएको हो । यसरी नै सन् २०८१।०८२ देखी संघिय सरकारले थप २ वटा पालिकामा कार्यक्रम लागु गरेता पनि वुद्धभूमी नगरपालिकाले कार्यक्रम कार्यान्वयनमा ल्याएको छ भने यशोधरा गाउपालिकाले हाल सम्म पनि कार्यक्रम कार्यान्वनमा ल्याएको छैन ।

## १.१ सामी कार्यक्रम र कपिलवस्तु सन्दर्भः

नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ वमोजिम स्थानीय सरकारलाई रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को थ वमोजिम स्थानीयतहलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा स्थानीय तहहरुले आफ्नो क्षेत्रका यूवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा लाभदायक वनाउन वाञ्छनिय भएकोले साथै वैदेशिक रोजगारीको सवालको गाम्भिर्यतालाई मध्यनजर गर्दै कपिलवस्तु जिल्लाका स्थानीयतहहरुको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कार्यान्वयन भईरहेको छ । यस अघिका बर्षहरुमा कपिलवस्तु जिल्लामा स्थानीयतहरुले सेवा प्रदायक संस्थाहरु संग मार्फत कार्यक्रम कार्यान्वयन गरिएको थियो भने आ.ब.२०७७।०७८ देखी स्थानीयतह आफैले कर्मचारी व्यवस्थापन गरि कार्यक्रमलाई कार्यान्वयनमा ल्याईएको हो ।

सामी कार्यक्रम अन्तर्गत कपिलवस्तु जिल्लामा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा आप्रवासी श्रोत केन्द्रको स्थापना गरी व्यवस्थापन तथा सञ्चालनमा ल्याईएको हो । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादीत र व्यवस्थित वनाउनका लागि वैदेशिक रोजगारीमा जान चाहने ईच्छुक महिला तथा पुरुषहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि स्वः निर्णय गर्ने क्षमताको विकास, सही सूचना तथा जानकारी सम्प्रेषण, निशुल्क सीप तालिमका वारेमा

जानकारी तथा प्रेषण, वैदेशिक रोजगारीका नाममा हुने स्वदेश तथा विदेशमा हुने ठगी, अल्पत्र, शोषण आदी समस्या तथा मृत्यु, अंगभंगका हकमा राहत तथा उद्धारमा सहयोग गर्न तथा न्यायमा पहुच वढाउनका लागि कानूनी सेवा तथा सहयोग, वित्तिय साक्षरता अभिवृद्धि गर्नका लागि वित्तिय साक्षरता समूहमा आवद्धतामा सहयोग तथा सामाजिक लागत न्यून गर्नका लागि मनोसामाजिक परामर्श सेवाहरु उपलव्ध गराईदै आएको छ ।

यस कार्यक्रमका कृयाकलापहरु प्रत्यक्ष रुपमा जनता संग जोडिएको र सकारात्मक प्रभाव पारेको देखी यस आ.ब.२०७९।०८० देखी कपिलवस्तु जिल्लाको वुद्धभूमी नगरपालिकाले कार्यक्रमका लागी आफै वजेट विनियोजन गरी विभिन्न सचेतनामूलक कृयाकलाप, वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालनका गतिविधि गरिरहेको छ भने यशोधरा गाउपालिका र महाराजगञ्ज नगरपालिकाले निर्वाचित जनप्रतिनिधी तथा वैदेशिक रोजगारमा जान चाहने सम्भावित कामदारहरुका लागि सचेतना मूलक कार्यक्रमहरुको संचालन गरेको थियो भने कपिलवस्तु नगरपालिका तथा वाणगंगा नगरपालिकाका विभिन्न वडाहरुले पनि स्व स्फूर्त रुपमा वटेज विनियोजन गरी सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरेको छ ।

## १.२ नेपालमा श्रम आप्रवासन तथा कपिलवस्तु जिल्लाको अवस्थाः

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयवाट प्रकाशित नेपालको श्रम आप्रवासन रिपोर्ट २०२२ का अनुसार नेपालको युवा जनसंख्याको ठूलो हिस्सा वैदेशिक श्रम रोजगारीमा आश्रित रहेको पाईन्छ । आप्रवासी कामदारहरुले पठाएको विप्रेषणले देशको कूल ग्राहस्थ्य उत्पादनको एक चौथाई भन्दा वढी योगदान रहेको देखिएता पनि नेपाल फर्किएका आप्रवासी कामदारहरुको महत्वपूर्ण अनुभव, सीप र प्राविधिक ज्ञानको सही लाभ लिन सकिएको छैन । सरकारले पनि युवाहरुलाई श्रम आप्रवासनको लागि उत्प्रेरित गरेको झै देखिन्छ । सन् २००० को दशकको सुरुवात देखी नै नेपालको श्रम आप्रवासन वढ्दो क्रममा रह्यो । श्रम रोजगारीका लागि खाडी मूलुकहरु र मलेशिया मुख्य गन्तव्य देशहरु रहेका छन् । वैदेशिक रोजगारको तथ्यांक अनुसार आ.ब. २०५०।०५१ देखी २०६२।०६३ सम्म श्रम स्वीकृती लिनेको संख्या ७,५८,६७५ थियो । त्यसपछी वैदेशिक रोजगारीमा जानेको संख्या क्रमश वढी रहेको थियो । आ.ब. २०६३।०६४ मा २,०४५३३ हुदै २०७०।०७१ मा आईपुग्दा बार्षिक ५,२७,८१४ पुग्यो । यो नै उच्चतम विन्दुमा पुगेको अवस्था देखिएको थियो भने यस पछिको अवधिमा श्रम स्वीकृतीको संख्या घट्दै गई रहेको थियो । आ.ब. २०७८।०७९ मा ६,३०,०९० पुग्यो र आ.ब.२०७९।०८० मा ७,७१,३२७, आ.ब. २०८०।०८१ मा ७,७१,२९७, यसरी नै आ.ब. २०८१।०८२ मा ८,३९,२६६ रहेको छ जुन हाल सम्मकै बढी हो । श्रम आप्रवासनमा ८०

प्रतिशत भन्दा वढी पुरुषहरु रहेको पाइन्छ। जसमा ७० प्रतिशत भन्दा बढी अदक्ष कामदारको रुपमा वैदेशिक रोजगारीको लागि गएको देखिन्छ। वैदेशिक रोजगारीवाट फर्किए पछि पुन: वैदेशिक रोजगारीलाई नै रोज्ने प्रवृति नेपाली युवाहरुमा रहेको देखिन्छ। सन् २०१९ डिसेम्वर पछि विश्व व्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को महामारीवाट विश्व नै प्रभावित भयो। विश्वको अर्थतन्त्रमा नकारात्मक असरहरु देखिन थाल्यो जसका कारणवाट धेरै नेपाली आप्रवासी कामदारहरुले रोजगारी गुमाउनु परेको थियो। त्यस समयमा धेरै नेपालीहरु पुन: विदेश नजाने गरी नेपाल फर्किए पनि स्वदेशमा पर्याप्त मात्रामा रोजगारीका अवशरहरु सृजना नहुदा पुन वैदेशिक रोजगारीमा जानेहरुको संख्या घट्न सकिरहेको छैन्। यसका लागि तिनै तहका सरकारहरुले आफ्ना निति तथा कार्यक्रमहरुमा यस विषयलाई सम्वोधन गर्नु अति नै आवश्यक रहेको छ। कपिलवस्तु जिल्ला पनि वैदेशिक रोजगारीमा जानेहरुको संख्या अनुपातका आधारमा धेरै वैदेशिक रोजगारीमा जाने जिल्लाहरु भित्रमा गणनामा रहेको छ। जुन आ.ब. २०८१।०८२ मा १७,५११ जनाले श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। जसको मासिक विवरण निम्न अनुसार रहेको छ।

| प्रकार | मेनपावर मार्फत | | | व्यक्तिगत श्रम स्वीकृती | | | सरकार मार्फत | | | पुन श्रम स्वीकृती | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **Recruiting Agency** | | | **Individual-New** | | | **G-to-G** | | | **Individual-ReEntry** | | | **Total** | | |
| **Months** | **Male** | **Female** | **Total** | **Male** | **Female** | **Total** | **Male** | **Female** | **Total** | **Male** | **Female** | **Total** | **Male** | **Female** | **Total** |
| Sharwan | 429 | 13 | 442 | 153 | 25 | 178 | 11 | 0 | 11 | 674 | 18 | 692 | 1267 | 56 | 1323 |
| Bhdara | 533 | 14 | 547 | 109 | 14 | 123 | 10 | 1 | 11 | 489 | 5 | 494 | 1141 | 34 | 1175 |
| Ashoj | 568 | 11 | 579 | 119 | 13 | 132 | 13 | 3 | 16 | 534 | 14 | 548 | 1234 | 41 | 1275 |
| kartik | 520 | 14 | 534 | 163 | 24 | 187 | 8 | 0 | 8 | 594 | 29 | 623 | 1285 | 67 | 1352 |
| Mansir | 597 | 13 | 610 | 186 | 33 | 219 | 21 | 1 | 22 | 801 | 23 | 824 | 1605 | 70 | 1675 |
| Poush | 542 | 19 | 561 | 168 | 23 | 191 | 5 | 0 | 5 | 594 | 8 | 602 | 1309 | 50 | 1359 |
| Magh | 616 | 9 | 625 | 147 | 18 | 165 | 13 | 3 | 16 | 667 | 15 | 682 | 1443 | 45 | 1488 |
| Falgun | 589 | 11 | 600 | 221 | 23 | 244 | 28 | 1 | 29 | 610 | 13 | 623 | 1448 | 48 | 1496 |
| Chait | 498 | 12 | 510 | 133 | 25 | 158 | 20 | 2 | 22 | 692 | 19 | 711 | 1343 | 58 | 1401 |
| Baishak | 594 | 13 | 607 | 157 | 30 | 187 | 15 | 0 | 15 | 703 | 9 | 712 | 1469 | 52 | 1521 |
| Jestha | 655 | 9 | 664 | 147 | 33 | 180 | 17 | 0 | 17 | 827 | 14 | 841 | 1646 | 56 | 1702 |
| Asar | 730 | 10 | 740 | 170 | 32 | 202 | 9 | 1 | 10 | 772 | 20 | 792 | 1681 | 63 | 1744 |
| **Total Kapilvastu** | **6871** | **148** | **7019** | **1873** | **293** | **2166** | **170** | **12** | **182** | **7957** | **187** | **8144** | **16871** | **640** | **17511** |

## १.३ सुरक्षित आप्रवासन (सामी) कार्यक्रमः

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारको वीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा संचालित कार्यक्रम हो । संघिय सरकार सशर्त अनुदानमा कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका, शिवराज नगरपालिका, मायादेवी गाउ पालिका, यशोधरा गाउपालिका र वुद्धभूमी नगरपालिकाको नेतृत्वमा कार्यान्वयन भई रहेको छ ।

**कार्यक्रमको लक्ष्यः**

वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवारलाई राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मूलुकमा मर्यादित कार्य वातावरणबाट लाभान्वित गराउने ।

**कार्यक्रमको उद्देश्यः**

- वैदेशिक रोजगारमा रहेका कामदार र कामदारका परिवारको उचित संरक्षण गर्ने ।
- गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रुपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतका सहयोग प्रदान गर्ने ।
- वैदेशिक रोजगारमा सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारलाई थप उपलब्धि मूलक बनाउने ।

**कार्यक्रमको अपेक्षित उपलव्धीः**

क) वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष कामदार र तिनका परिवार तथा सीमान्तकृत समुदायको वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफल (लाभ) मा वृद्धि हुनुका साथै लागत ( सामाजिक) न्यूनीकरण भएको हुनेछ ।

ख) राज्यका तीन वटै सरकारी संयन्त्रको प्रभावकारी प्रयोग गरी वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका परिवारको उचित संरक्षण भएको हुनेछ ।

**कार्यक्रमको लक्षित वर्गहरुः**

- वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार
- वैदेशिक रोजगारीमा रहेका कामदार
- वैदेशिक रोजगारीवाट फर्केका कामदार
- वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरु

**कार्यक्रमका मुख्य सेवा तथा क्रियाकलापहरुः**

- सूचनामा पहुंच
- न्यायमा पहुंच
- सिप विकास तालिमका लागि सहजीकरण
- वित्तिय साक्षरता
- मनोसामाजिक परामर्श

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रमः बार्षिक प्रगती प्रतिवेदन २०८१।०८२

यो प्रतिवेदन आ.ब.२०८१।०८२ अन्तर्गत २०८१ श्रावण १ गते देखी २०८२ अषाढ मसान्त सम्म (१वर्ष) को समय अवधि भित्र सम्पन्न भएका कृयाकलापहरुमा भएका लक्ष्य अनुसारका प्रगती, हासिल भएका उपलव्धीहरु, सिकाईहरु, चुनौतीहरु तथा समस्याहरु समेटि यो बार्षिक प्रगती प्रतिवेदन तयार गरिएको हो ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन भएका कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका, शिवराज नगरपालिका, मायादेवी गाउपालिका, यशोधरा गाउपालिका र वुद्धभूमी नगरपालिकामा क्रियाकलापहरुको लक्ष्य अनुसार प्राप्त उपलव्धीलाई समेटी यो प्रतिवेदन तयार पारिएको हो ।

## २. सूचना तथा परामर्श सेवा (सूचनामा पहुंच)

### २.१ आप्रवासी श्रोत केन्द्रको सञ्चालन तथा व्यवस्थापन

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी श्रोत केन्द्र सञ्चालन गरिएको छ ।




जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा रहेको स्थानीय तह स्वयंले वा अन्य स्थानीय तहहरु संगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना

तथा परामर्श लगायतका सेवाहरु प्रदान गर्ने उद्देश्यका साथ आप्रवासी सूचना केन्द्रको स्थापना गरिएको हो ।



आप्रवासी सूचना केन्द्रमा परामर्श लिन आउने हरेक व्यक्तिहरुलाई विशेष गरी वैदेशिक रोजगारीका लागि खाडी मुलुक (दुवई, कतार, मलेसिया आदी) मा जान चाहने व्यक्तिहरुलाई ईजाजत प्राप्त मेनपावरको छनौट, निशुल्क सीप तालिम, वैदेशिक रोजगारीका लागि दिईने रकमहरुको प्रमाण, कागजपत्रको सूरक्षा र सम्पर्क समन्वयका विषयमा विस्तृत रुपमा सूचना प्रदान गरिने गरिएको छ । भने उच्च शिक्षाका लागि विदेश जाने व्यक्तिहरुका लागि नेपालमा कन्सलटेन्सीको छनौट, विदेशमा युनिभरसीटिको छनौट तथा प्रकृया आदीको वारेमा सूचना प्रदान गर्दै आइरहेको छ भने यस आ.ब. २०८१।०८२ मा निम्न लिखित स्थानीयतहहरुवाट पासपोर्ट वनाउन आएका सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको छ ।

**यस आ.व. २०८१।०८२ मा आप्रवासी श्रोत केन्द्र मार्फत प्रदान गरिएका सेवाहरु निम्न छन्**

| स्थानीयतहहरू | श्रोत केन्द्र/ उप केन्द्र | आप्रवासी स्रोत केन्द्रबाट सूचना तथा परामर्श सेवा | | | |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | प्रतिशत |
| कपिलवस्तु नगरपालिका | १ | १६५० | २२४ | १८७४ | 13.52 |
| बाणगँगा नगरपालिका | | २२१४ | १०४९ | ३२६३ | 23.53 |
| शिवराज नगरपालिका | १ | १२१४ | २७१ | १४८५ | 10.71 |
| मायादेवी गाउँपालिका | | १२०५ | ११८ | १३२३ | 9.54 |
| बुद्धभुमी नगरपालिका | | १४८३ | ४३१ | १९१४ | 13.80 |
| कृष्णनगर नगरपालिका | | ५९२ | ६४ | ६५६ | 4.73 |
| महाराजगञ्जनगरपालिका | | ९७४ | ५४ | १०२८ | 7.41 |
| शुद्धोधन गाउँपालिका | | १०१७ | ५७ | १०७४ | 7.75 |
| बिजयनगर गाउँपालिका | | ४२४ | ७० | ४९४ | 3.56 |
| यसोधरा गाउँपालिका | | ६९५ | ६० | ७५५ | 5.44 |
| **जम्मा** | २ | | | **१३८६६** | **100.00** |

### २.१.१ फोन फलोअपः

आप्रवासी श्रोत केन्द्रवाट सेवा लिई गएका सेवाग्राहीहरुको अवस्था र उनीहरुलाई प्रदान गरिएको परामर्शवाट सेवाग्राहीहरुले वैदेशिक रोजगारीमा जानुपूर्व अपनाउनु पर्ने सावधानी अपनाएको वा नअपनाएको भन्ने सूचना लिने माध्यम फोन फलोअप हो । यदी वैदेशिक रोजगारीमा गएको भए महत्वपूर्ण कागजातहरु घरमा छाडेर गए नगएको, रकम तिर्दा भरपाई प्राप्त गरे नगरेको, वैदेशिक रोजगारीमा जानु पूर्व सीप सिकेको वा नसिकेको आदी विभिन्न सूचकहरुको सूचना आप्रवासी श्रोत केन्द्रमा आएका जम्मा सेवाग्राहीहरु मध्ये १० प्रतिशत सेवाग्राहीहरु संग फोन गरी सूचना लिने काम गरिन्छ । यस आ.व.मा आप्रवासी श्रोत केन्द्रमा जम्मा १३८६६ जना सेवाग्राहीहरुले सेवा लिएका छन् भने १२३७ जना सेवाग्राहीहरु संग फोन फलोअप गरी सूचना लिईएको थियो । जसको विवरण निम्न अनुसार रहेको छ ।

**फोन फलोअप गर्दाको विश्लेषणात्मक विवरण यस प्रकार रहेको छ ।**

| व्यवहार परिवर्तनका सुचकहरु | इकाई | जम्मा | प्रगती | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | | |
| जम्मा फोन फ्लो अप गरेको | जना | १२३७ | २६८ | ९६९ | ११.४० | |
| बैदेशिक रोजगारमा गएको | जना | १४३ | १९ | १२४ | ११.५६ | |
| कागजपत्र घरमा छोडेको | जना | १४१ | १९ | १२२ | ९८.६ | |
| FEMIS user Id Password घरमा छोडेको | जना | १४१ | १९ | १२२ | ९८.६ | |
| मोलमोलाइ गरी पैसा लागत घटाएको | जना | १४२ | १९ | १२३ | ९९ | |

### २.२ रिटर्नी परिचालनः

नगर / गाउ क्षेत्र भित्रका दुरदराजका गाउ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी श्रोत केन्द्रमासिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्याथीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्न र वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई  सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालिन कर्मचारीका रुपमा रिटर्नीहरु  परिचालन गरिएको छ ।



वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरुले गन्तव्य मुलुकहरुको नियम कानुन, धर्म सास्कृति, संस्कार, हावापानी र कामसाग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभवहरु सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सही सूचना सम्प्रेषण गर्ने भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा महत्वपूर्ण योगदान पुगेको छ । कार्यक्रम सञ्चालन भएका पालिकाहरुमा ३ जनाको दरले रिटर्नी स्वयम् सेवकहरु परिचालन भएका छन् भने रिटर्नी स्वयम् सेवक मार्फत ९८२९ जनालाई प्रत्यक्ष सूचना प्रवाह भएको थियो । यस आ.ब. २०८१।०८२ मा निम्न अनुसार उपलव्धी हासिल भएको छ ।

| **गतिविधि** | **ईकाई** | **कार्यक्रमको लक्ष्य तथा प्रगति** | | **कपिलवस्तु** | **वाणगंगा** | **शिवराज** | **मायादेवी** |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति | प्रगति | प्रगति | प्रगति |
| **रिटर्नी स्वयम् सेवक परिचालन** | जना | १२ | ११ | ३ | ३ | ३ | २ |
| **रिटर्नी स्वयम् सेवक परिचान मार्फत घरभेट तथा सूचना प्रवाह** | जना | १०८०० | ९८२९ | २३५० | २९८१ | २७३३ | १७६५ |

| **गतिविधि** | **ईकाई** | **जम्मा** | **कपिलवस्तु** | **वाणगंगा** | **शिवराज** | **मायादेवी** |
|---|---|---|---|---|---|---|
| घरभेट गरेका जम्मा संख्या (नया) | जना | ९८२९ | २३५० | २९८१ | २७३३ | १७६५ |
| फलोअप गरेको | जना | ४५५१ | ६१० | १७२४ | १३८३ | ८३४ |
| वै.रो मा जादा घटाईएको रकम ने.रु. | रकम | ८४०००० | २२०००० | ३००००० | १८०००० | १४०००० |

## २.३ **समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमः**

नगरपालिका / गाउ पालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायहरुको बारेमा सुचना दिनको लागि गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको थियो भने । समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि सञ्चालन मोड्युल तयार गरी लागु भए अनुसार समुदाय अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो यसको अलावा स्थानीय तह तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु निर्माण गरी समुदाय स्तरमा संचालन गरिएको थियो ।



| कृयाकलाप | ईकाई | कार्यक्रमको लक्ष्य तथा प्रगति | | कपिलवस्तु नगर पालिका | वाणगंगा नगर पालिका | शिवराज नगर पालिका | मायादेवी गाउ पालिका | वुद्धभूमी नगर पालिका |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति | प्रगति | प्रगति | प्रगति | प्रगति |
| **गहन अभिमुखीकरण कार्यक्रम** | स्थान | १९२ | २०५ | ४८ | ४८ | ४८ | ४८ | १३ |
| **सहभागी संख्या** | संख्या | ४८०० | ६१०६ | १३७८ | १२६७ | १२४८ | १२०६ | १००७ |

## २.४ रेडियो जिंगल प्रशारणः

सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि जिल्ला भित्रका सम्पूर्ण व्यक्ति तथा समुदायलाई सुसुचित गरि वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादीत वनाउने उद्देश्य अनुरुप दुरदराजका गाउ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि कपिलवस्तु जिल्लाका ३ वटा सामुदायिक रेडियोहरु मार्फत सूचना प्रशारण भई रहेको छ ।

## ३. सीप विकास तालिममा पहुंच

यस कार्यक्रम अन्तर्गत आप्रवासी श्रोत केन्द्रमा पासपोर्ट वनाउन आउने क्रममा वैदेशिक रोजगारीमा जाने निर्णय गरिसकेका, कुनै पनि सीप नभएका सामान्य साक्षर युवाहरुलाई लक्षित गरी सीप तालिम लिएर विदेश जानको लागि प्रोत्साहन गरिन्छ । साथै वैदेशिक रोजगारीमा जान चाहने पुरुष र महिलाहरुलाई लक्षित गरी विविन्न तालिम केन्द्रहरुमा तालिमहरु आप्रवासी श्रोत केन्द्र मार्फत प्रेषण गर्ने गरिएको छ ।




## ४. न्यायमा सहजिकरण:

वैदेशिक रोजगारीका क्रममा समस्या तथा ठगीमा परेका आप्रवासी कामदार तथा उनीहरुका परिवारहरुको न्यायमा पहुच वढाउनका लागि स्वदेश तथा विदेशमा परि आएका समस्या, गन्तव्य मुलुकमा अलपत्र परेका आप्रवासी काममदारको परिवार संग पुनर्मिलन का लागि, मृत्यु भएको अवस्थामा शव उद्धारका लागि वैदेशिक रोजगार वोर्ड, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार विभाग, कल सेण्टर सामी कार्यक्रमका राष्ट्रिय साझेदार संस्थाहरु प्रवासि नेपाली समन्वय समिति संग समन्वय तथा सहकार्य गरिदै आएको साथै जिल्लाको हकमा स्थानीयतह, जिल्ला प्रशासन कार्यालय कपिलवस्तु, जिल्ला प्रहरी कार्यालय कपिलवस्तु, विभिन्न मिडियाका सञ्चारकर्मी, विमा कम्पनी तथा अन्य सरोकारवालाहरु संग समन्वय गरिदै आएको छ । साथै समस्या वा केशहरु सिफारिस पनि गरिदै आएको छ । यो समन्वय र सहकार्यले पिडितको पक्षमा न्याय, उद्धार, आर्थिक सहायता तथा क्षतीपूर्ती प्राप्त गर्न सहयोग पुगेको छ । आप्रवासी श्रोत केन्द्रमा यस आ.व. २०८१।०८२ मा २३७ वटा केशहरु दर्ता भएका थिए जसमा १७८ वटा वैदेशिक रोजगार संग सम्वन्धित समस्याहरुमा सहजीकरण गरिएको थियो । केशको विस्तृत विवरण तपसिल अनुसार रहेको छ ।



## ४.१ केशहरुको संक्षिप्त विवरण:

| गतिविधि | इकाई | हाल सम्मको अवस्था | | | |
|---|---|---|---|---|---|
| समस्याका प्रकार | | पहिचान | समाधान भएका | प्रकृयामा | केशको प्रकृती % |
| ठगी सम्वन्धि समस्या | संख्या | १४६ | १०८ | ३८ | ६१.६० |
| मृत्यू | संख्या | ४१ | ३१ | १० | १७.२९ |
| जेल | संख्या | १ | ० | १ | ०.४२ |
| स्वास्थ्य सम्वन्धि समस्या | संख्या | ११ | ८ | ३ | ४.६४ |
| हराएका (Missing) | संख्या | ८ | ७ | १ | ३.३७ |
| अलपत्र/उद्दार | संख्या | २४ | १९ | ५ | १०.१२ |
| गन्तव्य मूलुकमा काम, कम्पनी र सुविधा फरक | संख्या | ५ | ५ | ० | २.१० |
| अन्य | संख्या | १ | ० | १ | ०.४२ |
| जम्मा | संख्या | २३७ | १७८ | ५९ | १०० |

## ५. वित्तिय साक्षरता कार्यक्रम




वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउनुका साथै वैदेशिक रोजगारवाट आर्जित सीप, प्रविधि र पुंजीको उपयोगवाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु नेपाल सरकारको प्राथमिकता भएको परिपेक्षमा वैदेशिक रोजगारीलाई थप व्यवस्थित बनाई प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने तथा दीर्घकालमा स्वदेशमै रोजगारी तथा उद्यमशीलताको विकास गर्ने अभिप्रायले वित्तिय साक्षरता र मनोसामाजिक परामर्श कक्षा सञ्चालन भई रहेको छ । वित्तिय साक्षरताको उद्देश्य निम्न वमोजिम रहेका छन् ।

क) वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरुलाई गरिवी तथा समृद्धिका अवधारणा संग सुसूचित गराउने ।

ख) वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरुमा वित्तिय साक्षरताको ज्ञान तथा सीप प्रदान गरि पारिवारिक वजेट, आम्दानी तथा खर्च व्यवस्थापन गर्न लगाई वचत वृद्धि प्रवर्द्धन गर्ने ।

ग) उपलव्ध वित्तिय श्रोत, साधन र प्रविधिलाई समुचित परिचालन गरी आयमूलक क्षेत्रमा लगानी प्रवर्द्धन गरी दीर्घकालिन समृद्धितर्फ उन्मुख गर्ने ।

घ) वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरुलाई आफ्नो परिवार व्यवस्थापन गर्दै वैदेशिक रोजगारीले सृजन ागर्ने मनोसामाजिक समस्या समाधानमा सहयोग गर्ने ।

उल्लेखित उद्देश्य राखी कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका, शिवराज नगरपालिका र मायादेवी गाउ पालिकामा यस आ.व.२०८१।०८२ मा वैदेशिक रोजगारीमा गएका आप्रवासी कामदारका घर परिवारका सदस्यहरुलाई २१ हप्ताको वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन भई सम्पन्न भएको छ । साथै गत आ.व २०८०।०८१ का कक्षाहरुका सहभागीहरुलाई ६ वटा मासिक फलोअप वैठक गरी उक्त

सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो । यस आ.व.को कक्षाको विवरण यस प्रकार रहेको छ ।

## ५.१ वित्तिय साक्षरता र मनोसामाजिक परामर्श समूह कक्षाहरुको विवरण

| स्थानीय तहको नाम | सञ्चालन भएको कक्षा | कक्षामा सहभागी संख्या | प्रमाणपत्र वितरणको अवस्था | | तालिमको अवस्था | | | वेसलाईन तथा इन्डलाइन संकलन भएको संख्या | कोबोमा ईन्ट्री भएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समूह-१ | समूह-२ | ९० मिनेट | एक दिने | ३ दिने | | | |
| कपिलवस्तु नगरपालिका | २ | ५० | १ | १ | ५ | ५ | ३ | ५०/५० | ५० | |
| वाणगंगा नगरपालिका | २ | ५० | १ | १ | ५ | ५ | ० | ५०/५० | ५० | |
| शिवराज नगरपालिका | २ | ५५ | १ | १ | ५ | ५ | ३ | ५५/५५ | ५५ | |
| मायादेवी गाउ पालिका | २ | ५१ | १ | १ | ५ | ५ | ३ | ५१ /५१ | ५१ | |
| वुद्धभूमी नगरपालिका | २ | ६० | १ | १ | ७ | ० | ० | ६०/ ०० | ६० | |
| जम्मा | १० | २६६ | ५ | ५ | २७ | २० | ९ | २६६/२०६ | २६६ | |

## ६. मनोसामाजिक परामर्श कार्यक्रम:




वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्वोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा उपलव्ध गराइएको छ । वा वैदेशिक रोजगारीवाट प्राय परिवारका सवै जना प्रभावित रहने कुरा मनोसामाजिक विश्लेषणवाट जानकारी आएको छ । चाहे

वैदेशिक रोजगारीवाट मनग्य आम्दानी गर्ने होस वा चाहे ठगिने व्यक्ति वा उनीहरुका परिवारका सदस्य प्रायजसो सबैले मनोसामाजिक समस्या सामना गर्नु पर्ने वाध्यता रहेको पाईएको छ । वुवा वा आमा वैदेशिक रोजगारीमा भएकाले छोराछोरीमा समस्या देखिने, श्रीमान वैदेशिक रोजगारीमा हुदा श्रीमतीलाई र श्रीमती वैदेशिक रोजगारीमा हुदा श्रीमानलाई समस्या, छोरा छोरी जादा वुवा आमामा समस्या देखिएकोले वैदेशिक रोजगारीवाट आम्दानी भन्दा पनि सामाजिक लागत वढीरहेको पाईयो । मुख्य गरी समूह परामर्श र प्रभावित व्यक्तिहरु संग सम्वन्ध विस्तार गरि व्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रदान गरिरहेको छ ।

## ६.१ यस आ.ब.मा पहिचान गरिएका

| स्थानीय तहको नाम | वार्षिक लक्ष्य तथा प्रगति | | पहिचान गरिएका समस्या | समाधान भएका | प्रकृयामा रहेका | सेवा पुरा नभएको | केश फाईलिङ भएको | MIS मा अध्यावधिक भएको | सेवा सन्तुष्टि फारम भरेको सँख्या | केश स्टोरी लेखेको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | | | | | | | | |
| कपिलवस्तु न.पा. | ३० | ३३ | ३३ | ३३ | ० | ० | २८ | ३३ | ० | ४ |
| वाणगंगा न.पा. | ३० | २६ | २६ | २६ | ० | ० | २६ | २६ | २६ | ४ |
| शिवराज न.पा. | ३० | ३३ | ३३ | ३३ | ० | ० | ३३ | ३३ | ० | ६ |
| मायादेवी गा.पा. | ३० | २६ | २६ | २४ | ० | २ | १० | २६ | ७ | १२ |
| वुद्धभूमी न.पा | ० | १ | १ | ० | १ | ० | १ | १ | ० | ० |
| जम्मा | १२० | ११९ | ११९ | ११६ | १ | २ | ९८ | ११९ | ३३ | २६ |
| प्रतिशत | १०० | ९९.१६ | १०० | ९७.४७ | ०.८४ | १.६८ | ८२.३५ | १०० | २७.७३ | २१.८४ |

## ६.२ प्रकृती अनुसार केश विवरण

| स्थानीय तहको नाम | समस्याको पहिचान | प्रकृती | | | | |
|---|---|---|---|---|---|---|
| | | आत्म हत्याको प्रयास | निराशपन (डिप्रेशन): | पीर चिन्ता (Anxiety): | आघत (Trauma): | अन्य (विकृत तनाव, जटिल किसिमको समस्या आदि) |
| कपिलवस्तु नगरपालिका | ३३ | १ | ७ | १६ | ५ | ४ |
| वाणगंगा नगर पालिका | २६ | २ | ६ | १६ | २ | ० |
| शिवराज नगर पालिका | ३३ | ४ | ५ | १७ | ६ | १ |
| मायादेवी गाउ पालिका | २६ | २ | १० | १२ | ० | २ |
| बुद्धभूमी न.पा | १ | ० | ० | १ | ० | ० |
| **जम्मा** | ११९ | ९ | २८ | ६२ | १३ | ७ |

## ७.वैदेशिक रोजगारीवाट फर्केका रिटर्नीहरुको आप्रवासी कामदार हकहित सञ्जालको वैठक, पैरवी तथा क्षमता विकास

सुरक्षित आप्रवासन कार्यक्रम मार्गदर्शन २०७९ को परिच्छेद ४, मा संरचनागत तथा संस्थागत व्यवस्था अन्तर्गत दफा २१ मा आप्रवासी हकहित सञ्जाल गठन (१) वैदेशिक रोजगारीमा कार्यरत कामदारका परिवारका सदस्य तथा वैदेशिक रोजगारीवाट स्वदेश फर्केका व्यक्तिहरुको सक्रियता तथा उनीहरुको नेतृत्वमा स्थानीय तहमा सञ्जालहरु गठन गर्ने कार्यमा कार्यक्रमले सहयोग गर्नेछ ।

(२) उपदफा (१) वमोजिम सञ्जालहरु सम्वन्धित स्थानीय तहमा नियमानुसार अभिलेखिकरण हुनेछन् र वैदेशिक रोजगारका तथ्यांक संकलन, व्यवस्थापन, सूचना प्रवाह, आय आर्जनका क्रियाकलापहरु सञ्चालन, ठगी न्यूनीकरण, कामदार तथा परिवारका सदस्यहरुको हकहित लगायतका कार्यमा स्थानीय तथा प्रदेश सरकार र अन्य सहयोगी निकायहरु संग सहकार्य गर्नु अतिरिक्त वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न स्थानीयतहको नीति तथा कार्यक्रम वनाउन समेत सहयोग गर्नेछन् ।



सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कार्यान्वयनका क्रममा वैदेशिक रोजगारीमा देखिएका ठगी, झुक्याईने कार्य, शोषण जस्ता कार्यहरुलाई निरुत्साहित गर्न तथा वैदेशिक रोजगारको प्रक्रियामा ठगी वा शोषणमा परेका कामदार तथा तिनका परिवारलाई स्थानीय स्तरमा न्यायीक पहुंच अभिवृद्धिका लागि सहजीकरण गर्न, आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुले एकजुट भई सहयोग पुर्याउनु रहेको छ। आप्रवासी कामदार र परिवारको हकहित, आप्रवासी कामदारको पक्षमा पैरवी तथा सहयोग गर्ने उद्देश्यका साथ कपिलवस्तु जिल्लामा वि.स. २०७८ सालमा आप्रवासी कामदार हकहित सञ्जालको गठन भएको थियो । भने कपिलवस्तु जिल्लाका ४ वटा कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका, शिवराज नगरपालिका र मायादेवी गाउ पालिकामा पालिकाहरुमा पालिका स्तरीय सञ्जाल निर्माण भई सकेका छन् ।

**७.१. आप्रवासी कामदार हकहित सञ्जालको वैठक, पैरवी तथा क्षमता विकासवाट देखिएको परिवर्तनहरुः**

- अन्तराष्टिय आप्रवासी कामदार दिवश २०२४ मा आप्रवासी कामदार हकहित सञ्जाल संगको सहकार्य गरि मनाईयो । जस अन्तर्गत विभिन्न सूचना, डिस्प्ले सहितको नारा तथा भनाई लेखी प्रभात फेरी कार्यक्रम आयोजना गरिएको थियो भने विभिन्न सरोकारवालाहरु संग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।
- अन्तराष्टिय आप्रवासी कामदार दिवश २०२४ को अघिल्लो दिन अर्थात १७ डिसेम्वरका दिन जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको अगाडी मैनवत्ती वाली मृत्युवरण गरेका सम्पूर्ण ज्ञात अज्ञात आप्रवासी कामदार तथा तिनका परिवारको सदस्यहरुको सम्झनामा मौन धारण तथा अन्तराष्टिय आप्रवासन दिवशको वारेमा जानकारी प्रदान गरिएको थियो ।
- कार्यक्रमको लक्ष्य अनुसारको विभिन्न जनचेतना मूलक कार्यक्रमहरुमा सञ्जालका पदाधिकारीहरुको उपस्थिती गराइने गरिएको ।

- सञ्जाललाई आवश्यक्ता अनुसार विभिन्न दातृ निकायहरुमा प्रस्तावना लेखनमा, कार्यक्रम सहजीकरण र प्रतिवेदन तयार सहयोग गरिएको ।
- सञ्जाल आफै सक्रिय भई विभिन्न दातृ निकायहरुको खोजी गर्न तथा कार्यक्रम कायान्वयन गर्न सक्षम हुदै गएको ।
- सञ्जालको वार्षिक साधारण सभा तथा नविकरण भएको ।
- सञ्जालको बार्षिक समिक्षा र भावी योजना निर्माण गरि सोही अनुसार कृयाकलापहरु संचालन भएको ।

## ८ कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको प्रगति अवस्था:

| गतिविधि | इकाई | कार्यक्रमको लक्ष्य तथा प्रगति | | अन्य |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगती | |
| प्रहरी संगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | 1 Event MRC LG |
| पत्रकार संगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | 1 Event MRC LG |
| Interaction with relevant thematic committee members legal Committee and health units | पटक | ६ | ६ | 1 event/LG |
| Interaction meeting with local-level judicial committee/mediators/ward members about foreign employment-related legal and paralegal services | पटक | १ | १ | 1 Event MRC LG |
| Program Implementation Committee (PIC) Meeting | पटक | १२ | १२ | 2 event/LG |
| Engagement of local level monitoring committee for monitoring of program activities (Mayor, DPT Mayor, CAO, SaMi FP etc) | पटक | १० | १० | 2 event/LG |
| Support to thematic committees at LGs taking decisions concerning migration-related services | पटक | १२ | १० | 2 event/LG |
| अन्तर्राष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम | पटक | ६ | ५ | |

| | | | | |
|---|---|---|---|---|
| जिल्लास्तरमा सामी कार्यक्रमको अर्ध वार्षिक तथा वार्षिक समीक्षा गोष्ठी | पटक | २ | १ | |
| आप्रवासी स्रोत केन्द्रको समबन्धमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र सामी कार्यक्रम कर्मचारी बिचमा समन्वय बैठक | पटक | २ | ३ | 2 Event per MRC/Sub MRC |
| अन्तर्राष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम | पटक | ६ | ५ | |
| वित्तिय साक्षरताका सहभागीहरुलाई हस्तकला सम्वन्धि तालिम | २ स्थानीय तह | ३ | ३ | ढाकाको टोपी, चुरापोते तालिम |
| वैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुलाई तालिम | १ स्थानीय तह | १ | १ | प्लम्विड. |
| म.स्वा.से र टोल विकास पदाधिकारीलाई सु.वै.रो सम्वन्धि अभिमुखीकरण | २ स्थानीय तह | २ | २ | |
| किशोर किशोरीहरुलाई मनोसामाजिक परामर्श सम्वन्धि तालिम | १ स्थानीय तह | १ | १ | |

## ८. असल अभ्यास, उपलव्धी र प्रभाव

- आप्रवासी श्रोत केन्द्रको सेवा जिल्ला प्रशासन कार्यालय कपिलवस्तु र ईलाका प्रशासन कार्यालय शिवराज को परिसरवाट प्रवाह ।
- ठगीका केशहरुमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको समन्वय साथै अन्य निकायहरु संगको समन्वयमा सकारात्मक सहयोग ।
- वित्तिय साक्षरता तर्फ सहभागीहरुले प्राप्त हुने विप्रेषणको सही सदुपयोग तथा खर्च आम्दानी हिसाव किताव राख्न, नया व्यवसायको शुरुवात गर्न, भई रहेको व्यवसाय प्रवर्द्धन गर्न, वचत वृद्धि, वैंक तथा वित्तिय संस्थामा पहुच वृद्धि भई वित्तिय व्यवहारमा सकारात्मक परिवर्तन आएको ।
- वैदेशिक रोजगारीका क्रममा मृत्यु तथा अंग भंग भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई आर्थिक सहायताका लागि स्थानीय तहहरुवाट सम्पूर्ण डकुमेण्टेशन कार्यमा सहजिकरण सहित सहयोग हुन थालेको ।

- सम्पूर्ण स्थानीय तह तथा जनप्रतिनिधिहरुले कार्यक्रमको वारे साझा वुझाई भई कार्यक्रमको अपनत्व वारे वुझि निरन्तर सहयोग आदन प्रदान भई रहेको ।
- वडाहरुले पनि सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका लागि जनचेतना मूलक कृयाकलापहरु सञ्चालनका लागि वजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको ।
- कपिलवस्तुको वुद्धभूमी नगरपालिकाले स्वयम् वजेट विनियोजन गरी जनचेतना मूलक तथा वित्तिय साक्षरता कक्षाहरु सञ्चालनमा ल्याएको ।

**सिकाई**

- वैदेशिक रोजगारीका केशहरुमा सेवाग्राहीहरुका लागि आवश्यक कागजात तयारी र प्रकृयामा गरिएको सहजीकरणवाट सेवाग्राहीहरुलाई सेवा प्राप्त गर्न सहज हुदो रहेछ ।
- वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श समूह कक्षाको प्रभावकारीताका लागि घरभेट तथा वडाका जनप्रतिनिधिहरुको सहयोग प्रभावकारी हुदो रहेछ ।
- जनप्रतिनिधिहरुका लागि कार्यक्रमको वारेमा जानकारी गराउदा स्वयम् वडाहरुले पनि कार्यक्रमको अपनत्व वुझि वडावाट पनि वजेट विनियोजन गराउन सजीलो हुदो रहेछ ।

**शशर्त अनुदान तर्फ विनियोजित वजेट र खर्च विवरण**

| स्थानीत तह | बजेट (संघ, प्रदेश र स्थानीय तह सहित) | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कपिलवस्तु न.पा. | ३०३१०००।, २००००००। | २७८९११०, १६३२०००। | ९२.०१, ८१.६, |
| वाणगंगा न.पा. | ९६१०००।, २५२७०००। | ८९८६०९।, २३७४०००। | ९३.५, ९३.९४ |
| शिवराज न.पा. | ९६१०००।, ११०००००। | ९४१५५७, ११०००००। | ९७.९७, १०० |
| मायादेवी गा.पा. | ९६१०००।, ९०००००। | ९४५२६५।, ९०००००। | ९८.३६, १०० |
| वुद्धभूमी न.पा. | १८१७००, १००००००। | १००००००। | |
| यशोधरा गा.पा. | १८१७००, १००००० | ०० | |

# फोटोहरु






विश्व प्रकाश अर्याल
(प्रमुख जिल्ला अधिकारी)


PURE
दिल कुमार तामाङ
(प्रमुख जिल्ला अधिकारी)





सुरक्षित आप्रवासन (सामी) कार्यक्रम
किशोरीहरुको लागि मनोसामाजिक परामर्श सम्बन्धी अन्तरक्रिया कार्यक्रम
मिति: २०८२/०३/११ गते
स्थान: कपिलवस्तु नगरपालिका, कपिलवस्तु
SaMi
2025/6/26 14:29








व्यवसायिक साक्षरता कक्षाका
१० दिने चुरा पोते माला बनाउने सीप मुलक तालिम
मिति : २०८२/०२/१२ गते देखि ०८२/०२/२१ गते सम्म
स्थान : क. व. न. पा-५, शिवपुरा
आयोजक
कपिलवस्तु सिप तथा स्वरोजगार तालिम केन्द्र
सहयोग
कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाको कार्यालय कपिलवस्तु